# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन २८ गते २०२० साल

श्री ५ को सरकार

वन तथा कृषि मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको फरेष्ट इञ्जिनियरिङ्ग नियमहरू २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

फरेष्ट इञ्जिनियरिङ्ग नियमहरू, २०२०

प्रकासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम फरेष्ट इञ्जिनियरिङ्ग नियमहरू, २०२० रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

वन विकास सम्बन्धी काम भन्नाले वन सीमाना लगाउने काम, किसिम किसिमका वन पथ, वन पुलहरू बनाउने काम, वन विभागलाई चाहिने भवन निर्माण गर्ने काम, आगोबाट जङ्गललाई बचाउने अग्निनिरोधक रेखा बनाउने काम, नर्सरी स्थापना गर्ने तथा जङ्गल लगाउने काम, वन बाली सुधार्ने काम, स्याङ् चुरी वा नेशनल पार्क बनाउने काम, फरेष्ट रिसोर्सेज सर्भे गर्ने काम, वर्किङ्ग प्लान तयार गर्ने कामसमेतलाई जनाउंछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. खर्चको इष्टमेट गर्नेः– (१) भवन निर्माण सम्बन्धमा रेञ्जरले रु. ५०००। पाँच हजार डी. एफ. ओ. ले रु. २५,०००। पच्चीस हजार र कन्जरभेटरले रु. ५०,०००। पचास हजारसम्मको इष्टमेट गर्न सक्नेछ ।

(२) अन्य वन विकास सम्बन्धमा रु. २५०००। पच्चीस हजारसम्म खर्च हुने रकमको इष्ट्मेट रेन्जरले, रु. १०००००। एक लाखसम्म खर्च हुने रकमको इष्टमेट, डी एफ. ओ. ले र सोभन्दावढी खर्च हुने रकमको इष्टमेट कन्जरभेटरले गर्न सक्नेछ ।

४. कामको जांच पासः– निम्नलिखित अवस्थामा निम्नलिखित पदाधिकारीले जांच पास गर्नेछ ।

| | |
|---|---|
| (क) रेन्जरले गरेको काममा | डी. एफ. ओ. ले |
| (ख) डी. एफ ओ. ले गरेको काममा | कन्जरभेटरले, र |
| (ग) कन्जर भेटरले गरेको काममा | चीफ कन्जरभेटरले । |

आज्ञाले–
चित्रबहादुर के. सी.
श्री ५ को सरकारको सह–सचिव ।

३५८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।